# लालीगुराँस नगरपालिका

# लालीगुराँस नगरपालिकाको राजपत्र

खण्डः७ संख्याः १६ मितिः २०८१/०९/०१

## भाग -१

## लालीगुराँस नगरपालिका वसन्तपुर तेह्रथुम
## चो?लुङ पार्क सञ्चालन तथा व्यवस्थापन ऐन, २०८१

नगर सभाबाट पारित मितिः २०८१।०३।२८
नगर प्रमुखबाट प्रमाणीकरण मितिः २०८१।०८।२५

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ को क्रम संख्या २२ मा व्यवस्था भएको भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीय तहको अधिकार सूची एवम् सोको सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड (फ) को उपखण्ड (१), (२) र (५) मा व्यवस्था भएको भाषा, संस्कृति र ललितकला सम्बन्धी काम, कर्तव्य र अधिकारलाई कार्यान्वयनका लागि याक्थुङ लिम्बु सभ्यता र संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्न लालीगुराँस नगरपालिकाको अगुवाईमा स्थापना भई सञ्चालनमा रहेको चो?लुङ पार्क स्थित युमा सङ्ग्रहालय र सिरिजङ्गा पाण्डुलिपि विज्ञानालयलाई व्यवस्थित र पारदर्शी तवरले सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा ५७ को उपधारा (४) ले दिएको अधिकार प्रयोग गरी लालीगुराँस नगरपालिका, तेह्रथुमको चौधौं नगर सभाले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम चो?लुङ पार्क सञ्चालन व्यवस्थापन ऐन, २०८१ रहेको छ।

(२) यो ऐन लालीगुराँस राजपत्रमा प्रकाशित भए पश्चात् लागू हुनेछ।

२. **<u>परिभाषा र व्याख्याः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले यस ऐन बमोजिम गठन हुने निर्देशक समितिको अध्यक्षलाई सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले लालीगुराँस नगरपालिका, तेह्रथुमको नगर कार्यपालिकालाई सम्झनु पर्छ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा कार्यविधि वा मापदण्ड वा निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(घ) "नगरपालिका" भन्नाले लालीगुराँस नगरपालिका, तेह्रथुमलाई सम्झनु पर्छ।

(ङ) "नगर प्रमुख" भन्नाले लालीगुराँस नगरपालिका, तेह्रथुमको नगर प्रमुखलाई सम्झनु पर्छ।

(च) "नगर उपप्रमुख" भन्नाले लालीगुराँस नगरपालिका, तेह्रथुमको नगर उपप्रमुखलाई सम्झनु पर्छ।

(छ) "निर्देशक समिति" भन्नाले पार्क सञ्चालन तथा व्यवस्थापन गर्न यस ऐनको दफा ३ बमोजिम गठित निर्देशक समितिलाई सम्झनु पर्छ।

(ज) "चो?लुङ पार्क" भन्नाले याक्थुङ लिम्बु सभ्यता र संस्कृति अनुसार समृद्धि एवम् मनोकामना पूरा हुने देवस्थलको रुपमा झल्काउने गरी लालीगुराँस नगरपालिकाको अगुवाईमा स्थापना भई सञ्चालनमा रहेको नगरपालिकाको ३ नं. वडा, बसन्तपुरमा अवस्थित चो?लुङ पार्क र सोको हाताभित्र रहेको युमा सङ्ग्रहालय तथा सिरिजङ्गा पाण्डुलिपि विज्ञानालयलाई सम्झनु पर्छ र सो शब्दले पार्क हाताभित्र भविष्यमा निर्माण हुने याक्थुङ लिम्बु सभ्यता र संस्कृति झल्काउने किसिमको अन्य संरचनालाई समेत सम्झनु पर्छ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले लालीगुराँस नगरपालिका, तेह्रथुमको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(ञ) "व्यवस्थापक" भन्नाले पार्कको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्ने गरी यस ऐनमा व्यवस्था भए बमोजिम कार्यपालिकाले जिम्मेवारी सुम्पेको कर्मचारीलाई सम्झनु पर्छ।

(ट) "सदस्य" भन्नाले निर्देशक समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष र सङ्ग्रहालय प्रमुखलाई समेत जनाउँछ।

३. **निर्देशक समितिको गठनः** (१) पार्कको संरक्षण र संवर्द्धन गर्दै त्यसको सञ्चालन तथा व्यवस्थापन गर्न एक निर्देशक समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको निर्देशक समितिमा देहाय बमोजिम एकजना अध्यक्ष र अन्य सदस्य रहने छन्ः

(क) नगर प्रमुख, -अध्यक्ष

(ख) नगर उपप्रमुख, -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत, -सदस्य

(घ) इलाका प्रहरी कार्यालय, बसन्तपुरका प्रमुख, -सदस्य

(ङ) नगरपालिकाको ३ नं. वडाका वडा अध्यक्ष, -सदस्य

(च) नगरपालिकास्थित भुल्केधारा नमुना सामुदायिक वन उपभोक्ता समुहका अध्यक्ष, -सदस्य

(छ) याक्थुङ लिम्बु भाषा, धर्म, संस्कृतिको क्षेत्रमा उल्लेखनीय योगदान पुर्याएका व्यक्तित्वहरु मध्येबाट नगर प्रमुखले मनोनयन गरेका कम्तीमा एकजना महिला सहित चारजना व्यक्ति, -सदस्य

(ज) व्यवस्थापक, -सदस्य सचिव

(३) पार्कको गरिमा उचौं राख्न उल्लेख्य योगदान दिने छिमेकी स्थानीय तहका प्रमुखहरुलाई नगर प्रमुखले निर्देशक समितिको सल्लाहकार सदस्यको रुपमा मनोनयन गर्न सक्नेछ।

(४) उपदफा (२) को खण्ड (छ) र उपदफा (३) बमोजिम मनोनित हुने सदस्यहरुको पदावधि नगर प्रमुखले तोके बमोजिम हुनेछ।

४. **निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) पार्कलाई नगरपालिकाको महत्वपूर्ण ऐतिहासिक र साँस्कृतिक धरोहरका रुपमा विकास गर्ने,

(ख) याक्थुङ लिम्बु भाषा लिपी र संस्कृतिसँग सम्बन्धित ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतिक महत्वका वस्तुहरु सङ्ग्रहालयमा प्रदर्शनीको लागि राख्ने व्यवस्था गर्ने,

(ग) पार्क तथा सङ्ग्रहालयमा राखिएका वा राखिने कलाकृति वा अन्य वस्तुको बारेमा अध्ययन तथा अनुसन्धान गर्ने, गराउने,

(घ) पार्क तथा सङ्ग्रहालयको सुरक्षा, संरक्षण, संवर्द्धन र व्यवस्थापनका लागि दीर्घकालीन र अल्पकालीन नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यपालिकामा पेश गर्ने, गराउने,

(ङ) पार्क तथा सङ्ग्रहालय परिसर प्रवेशको लागि प्रवेश शुल्क निर्धारण गर्ने र यसरी संकलन हुने शुल्कलाई नगरपालिकाको आन्तरिक आम्दानीको रुपमा जम्मा गर्ने, गराउने व्यवस्था मिलाउने,

(च) पार्क तथा सङ्ग्रहालयको संरक्षण र उपयोगका सम्बन्धमा कार्यपालिकालाई आवश्यक सल्लाह र सुझाव दिने,

(छ) पार्क तथा सङ्ग्रहालयको सुरक्षा कायम गर्ने, गराउने,

(ज) पार्क तथा सङ्ग्रहालयको विकास र विस्तारका लागि सरोकारवाला व्यक्ति, संस्था तथा निकायहरुसँग समन्वय र सहकार्य गर्ने,

(झ) पार्क तथा सङ्ग्रहालयको व्यवस्थापनको सम्बन्धमा कार्यपालिकाले दिएको निर्देशन कार्यान्वयन गर्ने, गराउने,

(ञ) पार्क तथा सङ्ग्रहालय परिसरमा सिमेण्ट, फलाम, प्लाष्टिक जस्ता अप्राकृतिक वस्तुहरुको प्रवेश निषेध गर्ने गरी त्यहाँ रहने संरचना र वस्तुहरुको निर्धारण गर्ने, गराउने,

(ट) याक्थुङ लिम्बुहरुको अध्यात्मिक ज्ञान मुन्धुमले प्रतिविम्बित गरेका वस्तुहरुको मात्र संरचना निर्माण सम्बन्धी काम गर्ने,

(ठ) उधौंली/उभौंली, सिरिजङ्गा दिवस, लगायत स्थानीय, प्रादेशिक एवम् राष्ट्रिय महत्वका दिन पार्क परिसरमा साँस्कृतिक एकता कायम गराउने किसिमका कार्यक्रमहरु सञ्चालन गर्ने, गराउने,

(ङ) पार्क तथा सङ्ग्रहालयलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्पदा सूचीमा समावेश गराउनका लागि सदैव तल्लीन रहने।

५. **निर्देशक समितिको बैठक सम्बन्धी कार्यविधिः** (१) निर्देशक समितिको बैठक कम्तीमा तीन महिनामा एक पटक बस्नेछ।

(२) निर्देशक समितिको बैठक अध्यक्षले तोकेको मिति र समयमा पार्क तथा सङ्ग्रहालय परिसरमा मात्र बस्नेछ।

(३) निर्देशक समितिको सदस्य-सचिवले अध्यक्षको स्वीकृतिमा बैठकको कार्यसूची सहित बैठक बस्ने सूचना बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै सबै सदस्यहरूलाई दिनुपर्नेछ।

(४) निर्देशक समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ।

(५) निर्देशक समितिको कुल सदस्य संख्याको एकाउन्न प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(६) निर्देशक समितिको बैठकमा अध्यक्ष सहितको बहुमतको राय मान्य हुनेछ।

(७) निर्देशक समितिले आवश्यकता अनुसार स्वदेशी तथा विदेशी विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(८) निर्देशक समितिको बैठकको निर्णय अध्यक्ष र समितिको सदस्य-सचिवले प्रमाणित गर्नेछ।

(९) निर्देशक समितिका सदस्यले समितिको बैठकमा भाग लिए वापत् कार्यपालिकाले तोके बमोजिमको दरमा बैठक भत्ता पाउने छन्।

(१०) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

६. **व्यवस्थापक सम्बन्धी व्यवस्थाः** (१) पार्कको प्रशासकीय प्रमुखको रूपमा काम गर्न एकजना व्यवस्थापक रहनेछ।

(२) नगरपालिकामा कार्यरत देहाय बमोजिमको योग्यता पुगेको कुनैपनि कर्मचारीलाई कार्यपालिकाले व्यवस्थापकको जिम्मेवारी सुम्पन सक्नेछः

(क) सहायक चौथो तह वा सोभन्दा माथिल्लो तहमा कार्यरत,

(ख) मान्यता प्राप्त विश्वद्यालयबाट स्नातक तह वा सोभन्दा माथिल्लो तह उत्तीर्ण गरेको,

(३) व्यवस्थापकको जिम्मेवारी सुम्पदा उपलब्ध भएसम्म याक्थुङ लिम्बु भाषा र संस्कृतिमा जानकार कर्मचारीलाई जिम्मेवारी सुम्पने व्यवस्था मिलाउनु पर्नेछ।

(४) व्यवस्थापकलाई निजले पाउने न्युनतम तलब/भत्ताका अतिरिक्त कार्यपालिकाले तोके बमोजिम प्रोत्साहन रकम उपलब्ध गराइनेछ।

७. **व्यवस्थापकको काम, कर्तव्य र अधिकारः** व्यवस्थापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) पार्क तथा सङ्ग्रहालयको चलअचल सम्पत्तिको संरक्षण गर्ने, गराउने,

(ख) पार्क तथा सङ्ग्रहालयको संरक्षण र संवर्द्धनका लागि योजना तर्जुमा गरी निर्देशक समिति समक्ष पेश गर्ने र समितिबाट स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने, गराउने,

(ग) पार्क तथा सङ्ग्रहालय परिसरलाई आकर्षक पर्यटकीय गन्तव्यको रूपमा स्थापित गर्न सदैव तल्लीन रहने,

(घ) निर्देशक समितिको स्वीकृतिमा पार्क तथा सङ्ग्रहालय प्रवेशका लागि तोकिए बमोजिमको प्रवेश शुल्क असूल गर्ने, गराउने र नगरपालिकाले तोकेको खातामा रकम जम्मा गर्ने, गराउने,

(ङ) पार्क तथा सङ्ग्रहालयसँग सम्बन्धित सामाग्रीहरु अध्यक्षको स्वीकृति लिई सङ्ग्रहालयमा राख्ने,

(च) पार्क तथा सङ्ग्रहालयमा रहेका महत्वपूर्ण दस्तावेज, श्रव्यदृष्य सामग्री, तस्वीर तथा अन्य ऐतिहासिक तथा पुरातात्विक महत्वका वस्तुहरूको संरक्षण र संवर्द्धन गरी दुरूस्त राख्ने तथा महत्वपूर्ण ऐतिहासिक

दस्तावेजहरु अभिलेखालयमा समेत सुरक्षित किसिमले राख्ने व्यवस्था मिलाउने,

(छ) पार्क तथा सङ्ग्रहालयको उचित व्यवस्थापन तथा संरक्षण गर्ने,

(ज) निर्देशक समितिले तोके बमोजिम पार्क तथा सङ्ग्रहालय सर्वसाधारणका लागि खोल्ने र बन्द गर्ने, आगन्तुकको अभिलेख राख्ने, राख्न लगाउने,

(झ) पार्क तथा सङ्ग्रहालयको सुरक्षा नगर प्रहरी मार्फत् गर्ने, गराउने,

(ञ) निर्देशक समिति, अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृतले तोके बमोजिम पार्कसँग सम्बन्धित अन्य काम गर्ने, गराउने।

८. <u>कर्मचारी तथा नगर प्रहरी सम्बन्धी व्यवस्थाः</u> (१) पार्कको दैनिक कार्यसम्पादनको लागि पार्क तथा सङ्ग्रहालयमा व्यवस्थापकका अतिरिक्त कार्यपालिकाले तोके बमोजिमको सङ्ख्यामा कर्मचारी तथा नगर प्रहरीहरू रहनेछन्।

(२) उपदफा (१) बमोजिम पार्कमा रहने कर्मचारी तथा नगर प्रहरीको पद र सङ्ख्या निर्देशक समितिको सिफारिसमा कार्यपालिकाले स्वीकृत गरे बमोजिम हुनेछ।

९. <u>उपसमिति वा कार्यदल गठन गर्न सक्नेः</u> (१) निर्देशक समितिले आफ्नो काममा सहयोग पुर्याउन आवश्यकता अनुसार उपसमिति वा कार्यदलगठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यदलको कार्यक्षेत्रगत शर्त तथा कार्यविधि त्यस्तो उपसमिति वा कार्यदल गठन गर्दाको बखत निर्देशक समितिले तोकिदिए बमोजिम हुनेछ।

१०. <u>प्रमुख संरक्षक र संरक्षकहरु सम्बन्धी व्यवस्थाः</u> (१) पार्कलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रवर्द्धन गर्न एवम् निर्देशक समितिलाई आवश्यक सल्लाह र सुझाव समेत दिनका लागि एकजना प्रमुख संरक्षक र आवश्यकता अनुसार अन्य संरक्षकहरु रहनेछन्।

(२) तेह्रथुम जिल्लाबाट संघीय प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने प्रतिनिधि सभा सदस्य (प्रत्यक्ष निर्वाचन प्रणाली तर्फ) पार्क तथा सङ्ग्रहालयको प्रमुख संरक्षकको रुपमा रहनेछन्।

(३) देहायमा उल्लिखित व्यक्तित्वहरु पार्कको संरक्षकको रुपमा रहनेछनः

(क) तेह्रथुम जिल्लाबाट प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने प्रतिनिधि सभा सदस्य (समानुपातिक) र राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने राष्ट्रिय सभा सदस्य,

(ख) तेह्रथुम जिल्लाबाट प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रदेश सभा सदस्यहरु (प्रत्यक्ष र समानुपातिक),

(ग) नगरपालिकाका निवर्तमान एवम् पूर्व नगर प्रमुखहरु,

**११. निर्देशक समितिको कार्यालयः** पार्कको हाताभित्र निर्देशक समितिको कार्यालय रहनेछ।

**१२. अधिकार प्रत्यायोजनः** निर्देशक समितिले आफूलाई प्राप्त काम, कर्तव्य र अधिकारमध्ये केही अधिकार आवश्यकता अनुसार अध्यक्ष, सदस्य, प्रमुख प्रशासकीय अधिकृत वा उपसमिति वा कार्यदललाई प्रत्यायोजन गर्न सक्नेछ।

**१३. वार्षिक प्रतिवेदनः** (१) निर्देशक समितिले प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र कार्यपालिका समक्ष वार्षिक प्रतिवेदन पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा निर्देशक समितिबाट एक आर्थिक वर्ष भित्र सम्पादन भएका कामको संक्षिप्त विवरण, नीति, योजना र कार्यक्रमको कार्यान्वयनको उपलब्धि, आम्दानी तथा खर्च, काम कारबाही गर्दा देखिएका मुख्य मुख्य समस्या तथा त्यस्ता समस्या समाधानका लागि गरिएका प्रयास, आगामी योजना तथा कार्यक्रम र तोकिए बमोजिमको अन्य विवरण समेत उल्लेख गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन कार्यपालिका र निर्देशक समितिले सार्वजनिक गर्नेछ।

१४. **<u>नगरपालिकामामा रहने:</u>** (१) यो ऐन प्रारम्भ भएपछि नगरपालिकाको अगुवाईमा स्थापना भई सञ्चालनमा रहेको पार्क स्वतः नगरपालिका मातहत रहनेछ।

(२) उपदफा (१) बमोजिमको पार्कको नाममा रहेको चल अचल सम्पत्ति र दायित्व निर्देशक समितिको रेखदेखमा नगरपालिकाको हुनेछ।

१५. **<u>कार्यपालिकासँग सम्पर्क:</u>** निर्देशक समितिले कार्यपालिकासँग सम्पर्क राख्दा नगर प्रमुख मार्फत् राख्नु पर्नेछ।

१६. **<u>नियमावली वा निर्देशिका वा कार्यविधि वा मापदण्ड बनाउने अधिकार:</u>**

(१) यो ऐनको कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियमावली वा निर्देशिका वा कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।

१७. **<u>यसै ऐन बमोजिम भए गरेको मानिने:</u>** यो ऐन प्रारम्भ हुनु अघि पार्क परिसरमा भए गरेका सम्पूर्ण कार्यहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

**आज्ञाले**
**सन्तोष घिमिरे**
**प्रमुख प्रशासकीय अधिकृत**